**Prithvi Darpan**
**Vol. 7, Issue 1, February 2025**
**Department of Nepali Education, Prithvi Narayan Campus, (TU)**
**Pokhara, Nepal**
**ISSN : 2594-3413**

# भलादमी निबन्धमा व्यङ्ग्य चेतना

**डा. रामनाथ ओझा**
**प्राध्यापक**
**नेपाली शिक्षा विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा**
Email: dr.ojharamnath@gmail.com

Received date : 6 December 2024, Reviewed date : 5 January 2025, Accepted date : 7 February 2025

**लेखसार**

प्रस्तुत लेख लक्ष्मीप्रसाद देवकोटाद्वारा लिखित 'भलादमी' निबन्धमा प्रयुक्त व्यङ्ग्यको अध्ययनमा केन्द्रित छ । गुणात्मक ढाँचामा लेखिएको यस लेखमा निर्दिष्ट निबन्धमा समाविष्ट व्यङ्ग्य चेतना व्यक्त गर्ने निबन्धका सन्दर्भ प्रथमिक स्रोतका रूपमा रहेका छन् । व्यङ्ग्यसँग सम्बन्धित सैद्धान्तिक ग्रन्थ, लेख तथा प्रतिवेदनलाई द्वितीयक स्रोत सामग्रीका रूपमा उपयोग गरिएको छ । समालोचनात्मक विश्लेषण प्रक्रिया अवलम्बन गरी तयार पारिएको यस लेखमा निर्दिष्ट द्वितीयक स्रोतबाट सैद्धान्तिक पर्याधार तथा विश्लेषणको आधार तयार पारिएको छ। निर्मित सैद्धान्तिक आधारका दृष्टिकोणमा कृतिबाट व्यङ्ग्य चेनतायुक्त अंश र सन्दर्भलाई साक्ष्यका रूपमा उपयोग गर्दै विश्लेषण गरिएको छ । तत्कालीन राणाकालीन सामाजिक, आर्थिक, भाषिक एवम् साहित्यिक जीवनका विसङ्गतिलाई विषय बनाएर निबन्धमा व्यक्त व्यङ्ग्य चेतना नतिजाका रूपमा प्राप्त भएको छ । तल्कालीन समाजका युवाका क्रियाकलाप र बोलीचाली, पहिरन, खानपिन, अहम्वादी प्रवृत्तिप्रतिको सशक्त व्यङ्ग्यवाण निबन्धकारले व्यक्त गरेका छन् । यसका साथै विद्वान्का बोक्रेपन, शिक्षकका कमजोरी, योगी महात्म्यहरूको ढोँगीपनका साथै भाषिक–साहित्यिक क्षेत्रका व्यङ्ग्यलाई उत्कृष्ट शैलीशिल्पमा प्रस्तुत गर्न सफल यो निबन्ध उत्कृष्ट व्यङ्ग्य निबन्धका रूपमा दरिएको छ । समग्रमा सामाजिक युग जीवनका विकृति र विसङ्गतिप्रति व्यङ्ग्यवाण प्रहार गरी स्वस्थ समाज निर्माणका लागि विश्लेष्य कृति प्रभावशाली पहिचान छाड्न सफल भएको तथ्य निष्कर्षित भएको छ ।

***शब्दकुञ्जी* :** व्यङ्ग्यचेतना, व्यङ्ग्यशिल्प, शैक्षिक व्यङ्ग्य, सामाजिक व्यङ्ग्य ।

## विषय प्रवेश

नेपाली साहित्यको निबन्ध विधाको आधुनिक कालको प्रथम प्रहरमा आत्मपरक निबन्धको थालनीकर्ताका रूपमा देखा परेर केन्द्रीय प्रतिभाका रूपमा प्रतिष्ठापित लक्ष्मीप्रसाद देवकोटा व्यङ्ग्य

*Copyright 2025 © the Author (s) and the Publisher*

निबन्धकारका रूपमा पनि उत्तिकै सशक्त रहेको कुरा उनका निबन्धहहरूको अध्ययनबाट थाहा पाउन सकिन्छ । '१९९३ सालको कार्तिक महिनामा 'आषाढको पन्ध्र' (शारदाः २:९) शीर्षक निबन्ध' (बन्धु, वि. सं. २०४६ ,पृ. ५४) को प्रकाशन गरी औपचारिक निबन्धयात्राको थालनी गरेका देवकोटाका 'लक्ष्मी निबन्धसङ्ग्रह' (२००२) र 'दाडिमको रुखनेर' (२०३९) गरी दुई मौलिक निबन्धहरूको सङ्ग्रह र 'प्रसिद्ध प्रबन्धसङ्ग्रह' (१९९८) अनूदित निबन्धसङ्ग्रहलगायत अन्य केही फुटकर निबन्धहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित छन् । उनका निबन्धमा पाइने विभिन्न शैली र प्रवृत्तिहरूमध्ये व्यङ्ग्यचेतना पनि एउटा भएकाले उनका अन्य निबन्धमा जस्तै 'भलादमी' निबन्धमा पनि व्यङ्ग्य- चेतनाको अभिव्यक्ति पाइन्छ । वि. सं. १९९५ मा (शारदा, ४:१०) प्रकाशित भलादमी' (बन्धु, २०४८, पृ. ६१) सशक्त व्यङ्ग्यचेतना अभिव्यक्त भएको निबन्ध हो । त्यसैले यस निबन्धका केन्द्रीयतामा उनको व्यङ्ग्यचेतना पर्गेल्न सकिन्छ । यस सन्दर्भमा उनको व्यङ्ग्य निबन्ध-यात्राको चर्चा गर्दै व्यङ्ग्यको सैद्धान्तिक स्वरूपको सूक्ष्म रेखाङ्कनसहित 'भलादमी' निबन्धमा व्यक्त व्यङ्ग्य चेतनालाई विषयगत दृष्टिले वर्गीकरण र विश्लेषण गरी उनको यस निबन्धमा प्रयुक्त व्यङ्ग्यशिल्पको समेत विवेचना गर्ने प्रयास गरिएका छ ।

हालसम्मको खोज अनुसन्धानबाट प्राप्त तथ्यहरूका आधारमा देवकोटाको प्रथम निबन्ध 'आषढाको पन्ध्र' हो र यसको प्रकाशन वि. सं. १९९३ कार्तिकमा 'शारदा' (२:९) पत्रिकामा भएको हो । वि. सं. १९९६ बाट सुरु भएको उनको निबन्ध-यात्रा वि. सं. २०१५ समम लगभग २३ वर्ष लामो रहेको देखिन्छ । यस बिचका उनका मौलिक र अनूदित निबन्धहरू वि. सं. १९९८ मा 'प्रसिद्ध प्रशन्ध सङ्ग्रह', वि. सं. २००२ मा 'लक्ष्मी निबन्धसङ्ग्रह' र वि. सं. २०३९ मा 'दाडिमको रुखनेर' गरी तीनओटा निबन्धसङ्ग्रहमा र केही निबन्धहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । यिनका अतिरिक्त अङ्ग्रेजी भाषामा लेखिएका ५३ ओटा निबन्धहरू (बन्धु, २०४६: ५५६-५५८) पाण्डुलिपिका रूपमा रहेका छन् । यी तीन निबन्धसङ्ग्रहहरूमध्ये 'प्रसिद्ध प्रबन्धसङ्ग्रह' पाश्चात्य निबन्धकारहरूका निबन्धहरू अनुवाद गरी सङ्कलन गरिएको सङ्ग्रह हो भने अन्य दुई सङ्ग्रहमा उनका मौलिक निबन्धहरू सङ्कलन गरिएका छन् । लागभग २३ वर्ष लामो निबन्धयात्रामा क्रममा देखापरेका अन्य निबन्धगत प्रवृत्तिलाई छाडेर व्यङ्ग्य-निबन्ध सिर्जनाका कोणबाट देवकोटालाई हेर्दा पहिलो निबन्ध 'आषाढको पन्ध्र' (१९९३) मा नै उनको व्यङ्ग्यचेतना अभिव्यक्त भएको भेट्टाउन सकिन्छ । उनका 'लक्ष्मी निबन्धसङ्ग्रह' तथा 'दाडिमको रुखनेर' निबन्धसङ्ग्रहभित्र रहेका तथा अन्य विभिन्न पत्रपत्रिकाहरूमा छरिएर रहेका प्रायः सबैजसो निबन्धहरूमा धेरैथोरै व्यङ्ग्यचेतना पाइने भएकाले वि. सं. १९९३ देखि वि. सं. २०१५ सम्मको उनको सिङ्गो निबन्धयात्रालाई व्यङ्ग्य निबन्धयात्राको अवधिका रूपमा लिनु सान्दर्भिक देखिन्छ ।

देवकोटाको व्यङ्ग्य निबन्ध रचनाको उर्वरता, निबन्धमा पाइने व्यङ्ग्यको मात्रा, भावगत अभिव्यक्तिको तीव्रता र व्यङ्ग्य प्रविधिका आधारमा उनको व्यङ्ग्य निबन्धयात्रालाई स्थूल रूपमा दुई चरणमा विभाजन गरी हेर्न सकिन्छ । वि. सं. १९९३ मा 'आषाढको पन्ध्र' निबन्धको प्रकाशन भएपछि सुरु भएको देवकोटाको व्यङ्ग्य निबन्धयात्राको पहिलो चरण वि. सं. २००२ को 'लक्ष्मी निबन्धसङ्ग्रह' को प्रकाशनसम्म कायम रहन्छ । यस चरणमा उनको लक्ष्मी निबन्धसङ्ग्रहका अतिरिक्ति 'प्रसिद्ध प्रबन्धसङ्ग्रह' (१९९८) अनूदित कृति पनि प्रकाशित भएको छ । 'प्रसिद्ध प्रबन्धसङ्ग्रह' मा उनको व्यङ्ग्य चेतना अभिव्यक्त भएको छैन किनभने यो अनुवाद ग्रन्थ मात्र हो । यस चरणमा उनका 'लक्ष्मी

निबन्धसङ्ग्रह' मा सङ्कलित ३७ निबन्ध र अन्य विभिन्न पत्रपत्रिकामा प्रकाशित ६ ओटा गरी जम्मा ४३ ओटा मौलिक निबन्धहरू देखा परेका छन् । व्यङ्ग्य निबन्ध रचनाको यस चरणमा भने उनी सुरुमा केही शिथिल एवम् आभ्यासिक निबन्धकारका रूपमा देखापरेका छन् तापनि वि. सं. २००० बाट उनी सशक्त, तीव्र एवम् सूक्ष्म व्यङ्ग्यकारका रूपमा देखा परेका छन् । सङ्ख्यात्मक दृष्टिले समेत निकै उर्वर मानिने यस चरणमा वैयक्तिक जीवनमा आर्थिक, सामाजिक, परिवारिक आदि दुःख , पीडाबाट आन्दोलित एवम् विद्रोही बन्दै आएका निबन्धकारले ती आक्रोशहरू आफ्ना निबन्धका माध्यमबाट व्यक्त गरेका छन् । सफल व्यङ्ग्य प्रविधिको अवलम्बन गर्दै उनले यस चरणका निबन्धका माध्यमबाट वैयक्तिक, सामाजिक, राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय क्षेत्रमा देखापरेका विकृति र विसङ्गतिप्रति तिखो व्यङ्ग्य प्रहार गरेका छन् । 'भलादमी' देवकोटाको यसै चरणको व्यङ्ग्य निबन्ध हो ।

'लक्ष्मी निबन्धसङ्ग्रह' (२००२) को प्रकाशनपछिको व्यङ्ग्य निबन्धयात्रालाई देवकोटाको द्वितीय चरणका रूपमा लिन सकिन्छ । 'दाडिमको रुखनेर' (२०३९) मा सङ्कलित १८ निबन्धहरूमध्ये १४ ओटा निबन्धहरू यसै चरणमा रचना गरिएका हुन् भने यीबाहेक अन्य विभिन्न पत्रपत्रिकामा प्रकाशित निबन्ध, लेख एवम् अंग्रजीमा लेखिएका ५३ ओटा निबन्ध तथा भूमिका, समीक्षा, भाषण आदि निबन्धात्मक रचनाहरू पनि यस चरणमा देखा पर्दछन् । यस चरणमा आएर देवकोटाको प्रथम चरणको जस्तो निबन्धमा सशक्त व्यङ्ग्यचेतना अभिव्यक्त नभएको र निबन्धात्मक लेखन विविध फाँटमा छिरलिन गएको देखिन्छ । प्रवासप्रवेश, राजनैतिक संलग्नता आदि कारणले उनको लेखनमा एकरूपता नभएका कारण सङ्ख्यात्मक तथा गुणात्मक दुवै दृष्टिले दोस्रो चरण प्रथम चरणका तुलनामा केही शिथिल रहेको देखिन्छ । यस चरणमा देवकोटा भावको अभिव्यक्तिमा पहिलो चरणको तुलनामा संयम देखिएका छन् र नयाँ शब्द निर्माणको प्रवृत्ति बढी देखिएको छ ।

'भलाद्मी' निबन्ध रचना (वि.सं. १९९३) को समयमा नेपालमा एकतन्त्री जहानियाँ राणाशासनको बोलवाला थियो । राणाहरूले श्री ५ लाई समेत आफ्नो मुठीभित्र राखी जनतामाथि चर्को रूपमा दमन, शोषण, अन्याय र अत्याचार गरिरहेका थिए । शिक्षा, स्वास्थ्य, मनोरञ्जनजस्ता सुविधाहरू राणापरिवारका एकलौटी उपभोगका साधन बनेका थिए भने जनताहरू ती सुख-सुविधाबाट पूर्ण रूपमा वञ्चित थिए । राणापरिवार, तिनका नातेदार, नजिकका आसेपासे एवम् केही सम्भ्रान्त परिवारका व्यक्तिहरूले सर्वसाधारण नेपाली जनतामाथि धाक-रवाफ देखाउने, अरूलाई मान्छेका रूपमा समेत व्यवहार नगर्ने र उनीहरूका अगाडि अस्वाभाविक 'स्व' प्रदर्शन गर्ने गर्दथे । तत्कालीन समाज विस्तारै नेपाली सभ्यता र संस्कृतिलाई लत्याउँदै पाश्चात्य सभ्यता र संस्कृतिलाई वरण गर्दै एवम् त्यसको अन्धाधुन्ध अनुकरणमा निर्लिप्त हुँदै गएको थियो । राणा परिवार र तिनका आसेपासे मात्र होइन शिक्षित एवम् सम्भ्रान्त भनाउँदाहरू पनि आफूलाई जनताको स्तरबाट उपल्लो स्तरमा राख्न चाहन्थे । आफूलाई 'मपाईं' ठान्ने प्रवृत्तिले त्यस्ता व्यक्तिका मनमा घर गरेकाले उनीहरू बोक्रे र आडम्बरयुक्त बोली, आनीबानी प्रदर्शन गर्दथे र आन्तरिक गुण (ज्ञान, शिक्षा आदि) लाई बिर्सेर बाह्य देखावटीपनलाई प्राथमिकता दिँदै त्यसका माध्यमबाट समाजमा आफूलाई स्थापित गर्न चाहन्थे । यतिसम्म कि समाजसेवी एवम् राष्ट्रसेवीसमेत आफ्नो कर्तव्यलाई बिर्सेर 'कामचोर' का रूपमा देखा परिरहेका थिए । तत्कालीन समयमा राजनैतिक, आर्थिक, साँस्कृतिक, सामाजिक, प्रशासनिक, शैक्षिक आदि क्षेत्रमा जस्तै साहित्यिक क्षेत्रमा पनि इमान्दारिताको अभाव थियो । जसले गर्दा अर्काका रचनामाथि अनावश्यक

टिप्पणी गरिन्थ्यो, साहित्यको आन्तरिक भावका तहमा नपसी बाह्य आडम्बर, सजधज र आभूषणमै रमाएर साहित्य पढ्ने र साहित्यको रचना गर्ने प्रवृत्तिको बोलवाला थियो । त्यस्तै गरी स्वतन्त्र भएर साहित्यको सृजना गर्ने वातावरणको समेत अभाव भएकाले आफैंले देखेका, भोगेका, अनुभव गरेका र सुनेका कुराहरूलाई जस्ताको त्यस्तै रूपमा व्यक्त गर्न पाउने स्वतन्त्र वातावरणको अभाव थियो । यस्तो प्रकारको जटिल परिवेश र परिस्थितिमा हुर्केका प्रतिभाशाली अन्तर्द्रष्टा देवकोटाका लागि अभिव्यक्ति अनिवार्य थियो तर अनुकूल परिस्थिति नभएका कारण अभिव्यक्तिका लागि व्यङ्ग्यप्रविधि अवलम्बन गर्नु बाध्यता जस्तै थियो । यिनै परिवेशबाट निर्मित चेतनाको अभिव्यक्ति गर्ने उद्देश्यस्वरूप उनले व्यङ्ग्य निबन्ध 'भलादमी' को रचना गरेका हुन् । यही सामाजिक, आर्थिक, सांस्कृतिक, शैक्षिक, साहित्यिक आदि जटिल र विषम स्थिति नै भलाद्मी रचनाको परिवेश हो ।

## अध्ययन विधि

प्रस्तुत लेख 'भलादमी' निबन्धमा व्यक्त व्यङ्ग्य चेतनाको विश्लेषणमा केन्द्रित रहेको छ। लेख गुणात्मक अनुसन्धान ढाँचामा आधारित रही तयार पारिएको छ। पुस्तकालय स्रोतबाट सामग्री सङ्कलन गरिएको यस लेखमा प्राथमिक र द्वितीयक दुवै खालका सामग्री सङ्कलन गरिएको छ। लक्ष्मीप्रसाद देवकोटाद्वारा लिखित 'भलादमी' निबन्धमा व्यक्त व्यङ्ग्य चेतना र व्यङ्ग्यशिल्प प्राथमिक स्रोतका सामग्री बनेका छन् । साहित्य समालोचनाका क्षेत्रमा प्रचलित व्यङ्ग्य सिद्धान्तका सैद्धान्तिक ग्रन्थ तथा देवकोटाका निबन्धकारिता र 'भलादमी' निबन्धको समालोचनासँग सम्बद्ध समालोचनात्मक ग्रन्थ एवम् अनुसन्धानात्मक लेख द्वितीय स्रोतका सामग्री बनेका छन् । पूर्वीय र पाश्चात्य जतग्मा प्रचलित व्यङ्ग्यसम्बन्धी सैद्धान्तिक मान्यताको चर्चा गर्दै विश्लेषणको सैद्धान्तिक पर्याधार तयार पारिएको छ । निर्मित सैद्धान्तिक पर्याधारका आधारमा 'भलादमी' निबन्धमा व्यक्त व्यङ्ग्यको निरूपण गरिएको छ । यस लेखमा देवकोटाको निबन्धकारिताका साथै 'भलादमी' निबन्ध रचनाको सन्दर्भसमेतको पहिचान गरिएको छ । विश्लेष्य कृतिमा व्यक्त व्यङ्ग्य चेतनाको खोजी गरी त्यसको व्याख्या र विश्लेषण गरिएकाले यो लेख व्याख्यात्मक र विश्लेषणात्मक प्रकृतिको छ। समग्रमा समालोचनात्मक विश्लेषणको ढाँचा अपनाई व्यङ्ग्य चेतना व्यक्त गर्ने निबन्धकारका विचार पहिचान र विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

## सैद्धान्तिक पर्याधार

'अञ्ज्' धातुमा 'वि' उपसर्ग र 'य' प्रत्यय लागेर (वि+अञ्ज्+य=व्यङ्ग्य) व्यङ्ग्य शब्दको निर्माण भएको हो ।' (बराल र अन्यहरू; २०५५, पृ.७७५) 'वि' को अर्थ विशिष्ट, 'अञ्ज्' को अर्थ प्रकाश वा व्यक्त र 'य' को अर्थ योग्य भएकाले समग्रमा व्यङ्ग्यको शाब्दिक अर्थ व्यक्त गर्न योग्य भन्ने बुझिन्छ । आशयमूलक अर्थलाई हेर्दा व्यङ्ग्यको अर्थ 'विशिष्ट अर्थ व्यक्त गर्नु वा प्रकाशित गर्नु' भन्ने हुन्छ । नेपालीमा प्रयुक्त 'व्यङ्ग्य अङ्ग्रेजी भाषामा प्रचलित 'सटायर' शब्दको नेपाली रूपान्तरण हो । 'अंग्रजीकौ सटायर शब्दको व्युत्पत्ति ल्याटिन भाषामा 'सटुरा' बाट भएको हो । (ह्विगेट; सन् १९३२, पृ.२३१) ल्याटिन भाषामा 'सटुरा' को अर्थ सुरुमा 'पूरा' भन्ने लाग्दथ्यो भने पछि यस शब्दको प्रचलित अर्थ 'विविध प्रकारका वस्तुको मिश्रण' (ह्विगेट; सन् १९६२, पृ.२३१) भन्ने रहेको देखिन्छ । ल्याटिनमा भोजनका साथमा खानका लागि 'विभिन्न वस्तु मिसाएर बनाएको 'सलाद' का अर्थमा सटुराको प्रयोग गरिन्थ्यो ।' (ह्विगेट; सन् १९६२, पृ. २३१) पछि साहित्यिक सनदर्भमा आएपछि धेरै कुरा मिसिएको

एवम् विविधतायुक्त साहित्यिक रचनालाई बुझाउने अर्थमा यसको प्रयोग हुन थालेको पाइन्छ। पश्चिममा विभिन्न विद्वान्हरूले व्यङ्ग्यलाई चिनाउने प्रयास गरेका छन्। यसको परिभाषा दिँदै सदरलैण्डले भनेका छन् - 'व्यङ्ग्य दुर्गुण वा विकारहरूलाई दण्डित गरी समाजको भलो गर्ने पवित्र अस्त्र (साधन) हो। व्यङ्ग्यमा निहित भावले व्यङ्ग्यकारलाई आत्मसन्तुष्टि दिन्छ एवम् सामाजिक दुराचार/विकृतिको असल रूप देखाएर मानसिक बोझबाट छुटकारा दिलाउँछ।' (जेम्स सदरलैन्ड; सन् १९६७, पृ. १५३) पश्चिमका अर्का विद्वान् आर्थर पोलार्ड भन्छन् - 'व्यङ्ग्यको सत् उद्देश्य खराब पक्षको सुधारसमेत हो' (पोलार्ड; सन् १९८२, पृ. १)। यसरी पश्चिममा व्यङ्ग्यलाई सामाजिक विकृति, विसङ्गति, दुर्गुण र विकारमाथि प्रहार गर्ने, मानसिक विकारको विरेचन गर्ने र अन्त्यमा सुधारको चाहना राख्ने साधनका रूपमा लिइएको पाइन्छ।

पूर्वमा व्यङ्ग्यको परिभाषा दिँदै भारतीय विद्वान् शेरजंग गर्ग (सन् १९७३) व्यङ्ग्यमा एउटा यस्तो साहित्यिक अभिव्यक्ति वा रचना हो, जसमा व्यक्ति तथा समाज कमजोरी, दुर्बलचा, कथनी र करनीका बिचको अन्तरको समीक्षा, निन्दा भावलाई नाङ्गो तरिकाले दिएर कहिलेकाहीँ पूरा सिधा शब्दको प्रहार गरिने विचार व्यक्त गर्छन्। उनका अनुसार व्यङ्ग्यकार पूर्णतः गम्भीर नभएर पनि गम्भीर हुन सक्छ, निर्दयी लागेर पनि दयालु हुन सक्छ, अतिशयोक्ति एवम् अतिरञ्जनाको आभाष दिएर पनि पूर्णतः सत्य हुन सक्छ, (पृ. २७-२८)। यसरी उनले व्यक्ति र समाजका दुर्बलता, कमजोरी एवम् भनाइ र गराइका बिचमा रहेका अन्तरमाथि गरिने चोटिलो प्रहारलाई व्यङ्ग्य भनी परिभाषित गरेका छन्। नेपाली साहित्यका समालोचक डा. वासुदेव त्रिपाठीका विचारमा - 'मानवीय वैयक्तिक-सामाजिक दुर्गुण/दुराचार तथा दुर्वृत्तिप्रति आलोचनात्मक र सुधारात्मक लक्ष्यतर्फ ताकेर' (त्रिपाठी; २०५१, पृ. १५२) व्यङ्ग्यको रचना गरेको हुन्छ। अर्का समीक्षक मोहनराज शर्मा भन्छन् - 'व्यङ्ग्य भनेको मानवीय दुर्बलताको लेथ्नो काड्नु हो' (शर्मा, २०३५, पृ. ३२)। यसले खराब पक्षप्रति आक्रमक भएर प्रहार गर्दछ र समाज सुधारको अपेक्षा राख्छ। यसरी पश्चिम तथा पूर्वमा व्यङ्ग्यसम्बन्धी दिइएका विभिन्न परिभाषाहरूलाई हेर्दा व्यङ्ग्यकार एउटा सचेत समाजद्रष्टा हो र उसले आफ्नो व्यङ्ग्य रचनाका माध्यमबाट 'के भइरहेको छ' र 'के हुनपर्दछ' भन्ने बिचको अन्तरको खोजी गर्दछ। यो एउटा साहित्यिक कला भएकाले यसका माध्यमबाट व्यङ्ग्यकारले व्यक्ति र समाजमा देखा पर्ने विकृति, विसङ्गति, बेमेल, असङ्गत एवम् असामञ्जस्य कुराहरूप्रति चोटिलो प्रहार गरी स्वस्थ समाजको निर्माणको अपेक्षा राख्छ।

व्यङ्ग्य साहित्यिक अभिव्यक्तिको एउटा प्रविधि हो। हिजोआज यसको तीव्र विकासका कारण साहित्यको एउटा उपविधाका रूपमा विकसित भएको छ। व्यङ्ग्य साहित्यको रचना गर्दा व्यङ्ग्यकारले विभिन्न प्रविधि वा उपकरणहरूको प्रयोग गर्न सक्दछ। पश्चिमी समीक्षकका अनुसार व्यङ्ग्यका लागि प्रयोग गर्न सकिने मुख्य उपकरणहरू ह्युमर, आइरनी, विट, प्यारोडी), क्यारिकेचर, फार्स, बर्लेस, कार्टून आदि हुन्। पश्चिममा जस्तै पूर्वमा पनि कहिले ध्वनि र कहिले वक्रोक्तिका माध्यमबाट व्यङ्ग्यलाई चिनाउने प्रयास गरिएको पाइन्छ। पूर्वमा मूलतः व्यञ्जनाशक्तिका माध्यमबाट सामाजिक विकृति र विसङ्गतिलाई प्रहार गर्न सकिने कुराको उल्लेख गरिएबाट व्यञ्जना व्यङ्ग्यको प्रविधि वा उपकरण हो भनी मान्न सकिन्छ।

विषयगत दृष्टिले व्यङ्ग्यलाई हेर्दा आजको विश्वसमुदाय, यसको विराटता, जटिल युगजीवन, विषम परिस्थिति आदिले गर्दा बढ्दै गएको अस्वाभाविक स्थिति र मौलाउँदै गएको विकृति र

विसङ्गतियुक्त परिवेशमा व्यङ्ग्य साहित्य सिर्जनाका लागि प्रशस्त सम्भावनाहरू देखा परिरहेका छन् । यस्ता विकृति र विसङ्गतिहरू व्यक्तिका बोली, आनीबानी एवम् क्रियाकलापदेखि लिएर समाजका आर्थिक, सामाजिक, धार्मिक, सांस्कृतिक, राजनैतिक, शैक्षिक, भाषिक, साहित्यिक आदि सबै क्षेत्रमा व्याप्त छन् । त्यसैले विषयगत आधारमा व्यङ्ग्यलाई विभिन्न वर्गमा विभाजन गर्न सकिन्छ ।

## नतिजा र विमर्श

निबन्धमा व्यक्त व्यङ्ग्य चेतनालाई विभिन्न आधारमा विश्लेषण गर्न सकिन्छ । निबन्धकारले 'भलादमी' निबन्धमा समाज तथा समाजका विभिन्न विषयका बारेमा व्यङ्ग्य गरेका छन् । निबन्धमा प्रस्तुत व्यङ्ग्य चेतनाको विश्लेषणमा केन्द्रित यस लेखमा सैद्धान्तिक आधारमा विषयगत पक्ष र शिल्पगत पक्षमा विभाजन गरी व्यङ्ग्यचेतनाको विश्लेषण गरिएको छ। अध्ययनको नतिजालाई सामाजिक व्यङ्ग्य, शैक्षिक व्यङ्ग्य, भाषिक व्यङ्ग्य, धार्मिक व्यङ्ग्य तथा व्यङ्ग्यशिल्प जस्ता शीर्षक र ती शीर्षकअन्तर्गत आवश्यक उपशीर्षकको समेत योजना गरी व्यवस्थित रूपमा विमर्श गरिएको छ ।

'भलादमी' निबन्धमा निबन्धकार देवकोटाले अभिधाका स्तरबाट भलादमी बन्नु आधुनिकताको पहिचान र व्यक्तित्वको परिचय हो भन्ने भाव व्यक्त गरेका छन् तथापि व्यञ्जनाका स्तरमा गएर हेर्दा आधुनिक सभ्यताका नाममा सहज, स्वाभाविक र प्राकृतिक गुण र स्वभावलाई त्यागेर समाजका सामाजिक, शैक्षिक, भाषिक/साहित्यिक एवम् धार्मिक क्षेत्रमा देखा परेका विकृति एवम् आडम्बरी प्रवृत्तिप्रति लक्ष्य गर्दै तीव्र व्यङ्ग्यप्रहार गरेका छन् । समीक्षक बन्धु भन्छन्- 'भलादमी' मा आधुनिक सभ्यताप्रति गहिरो व्यङ्ग्य छ । यसमा आजको मान्छे आन्तरिक गुणहरूमा भन्दा बाह्य विशेषताहरूमा ज्यादा आकर्षित हुन्छ, उसको दृष्टि बाहिर हुन्छ र उसका आदर्शहरू खानु-लाउनुमै सीमित रहन्छन्' (बन्धु, २०४६, पृ. ६३) । यसरी बन्धुले यस निबन्धलाई आधुनिक सभ्यताका नाममा देखा पर्ने विकृति र विसङ्गतिप्रति तिखो व्यङ्ग्य प्रहार गरिएको निबन्धका रूपमा विवेचना गरेका छन् । यस निबन्धमा प्रयुक्त व्यङ्ग्यलाई विषयका आधारमा निम्नानुसार वर्गीकरण गरी विश्लेषण गर्न सकिन्छ :

### सामाजिक व्यङ्ग्य

राणाकालीन नेपाली समाजका उत्ताउला युवाहरूका अस्वाभाविक क्रियाकलाप, बोलीचाली, पहिरन, खानपिन र तिनीहरूभित्र मौलाइरहेको अहंवादी प्रवृत्तिबाट असन्तुष्ट र आक्रोशित देवकोटाले समाजमा देखिएका व्यक्तिका ती विविध प्रकारका उदण्ड क्रियाकलापप्रति आक्रोश व्यक्त गर्दै व्यङ्ग्यप्रहार गरेका छन् । विविध पक्षसँग सम्बन्धित सामाजिक व्यङ्ग्यलाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :

**पहिरनप्रति व्यङ्ग्य :** समाजका युवाहरू आफूलाई सभ्य र आधुनिक बनाउने होडमा लागिरहेका र त्यसका लागि उनीहरूले परम्परागत पहिरनलाई त्यागेर आफूलाई विदेशी पहिरनमा प्रस्तुत गरिरहेका, नयाँ नयाँ रङ्ग र खुश्बूमा आफूलाई सजाएर बजारमा हिँड्न थालेको तथ्यलाई औंल्याउँदै अभिधा अर्थमा तिनलाई आधुनिकताका प्रतिनिधिका रूपमा वर्णन गरेका छन् तर व्यञ्जनाका तहमा गएर हेर्दा निबन्धकारले तिनलाई बोक्रे भलादमीका रूपमा चित्रण गरेका छन्। परम्परागत एवम् स्वदेशी पहिरनलाई त्याग गरी आफ्नो नाक काटेर रबरको नाक लगाई आफूलाइ सुन्दर देख्ने भलादमीहरू आफ्नो समाज, समुदाय र राष्ट्रलाई बिर्सने व्यक्ति हुन्, यिनले आफ्नोपन सम्पूर्ण रूपमा गुमाइसकेका छन् । सामाजिक मूल्य र मान्यताको अवहेलना गरी आफूलाई कृत्रिम र आडम्बरीका रूपमा प्रस्तुत

गरिरहेका छन् भन्दै उनी भन्छन्- "चरित्रका भलादमी अतीतका अँध्यारा कोठामा छन्, रङ्ग र रेशमका भलादमी काठमाडौंको गल्लीमा खुश्बू उडाइरहेका छन्" (देवकोटा, २०५७, पृ. ६१) ।

विकृत पहिरन लगाएर आफूलाई भलादमीका रूपमा प्रस्तुत गर्न खोज्नेहरूको "भलादमीपनलाई सूचीकार र मारवाडीले बिक्री गरिरहेछन् ।" (देवकोटा, २०५३, पृ. ६१) भन्दै सग्ला कपडालाई दुई चार रूपैयाँ खर्च गरी काटेर र टालो हालेर आफूलाई पाइनदार, छाँटकाँट गरिएको र कुँदिएको भलादमी ठान्ने युवाहरूप्रति निबन्धकारले व्यङ्ग्य गरेका छन् । यसरी 'भलादमी' निबन्धमा समाजमा देखा परेका विकृत पहिरनप्रति तिखो व्यङ्ग्य व्यक्त भएको छ ।

**बानीव्यवहारप्रति व्यङ्ग्य :** युवावर्ग देशका कर्णधार हुन् र देशको भविष्य उनीहरूको काँधमा रहेको हुन्छ । युवाहरूले देखाउने जोस-जाँगर र उनीहरूका कर्मले देशको भविष्यनिर्धारण गर्दछ भन्ने मान्यता राख्ने देवकोटा युवाहरूका भलादमी बन्ने रहरमा उनीहरूमा देखा परिरहेको अनावश्यक तडकभडक र उत्ताउला बानीव्यवहारप्रति असन्तुष्ट भई तिनीहरूप्रति आक्रोशित हुँदै "कसैको रेसमी रुमाल झिकेर रुघा नलागेको नाक पुछिरहने बानी हुन्छ, यो पनि रवाफको एक काइदा हो, दुनियाँको नजरलाई लोभ्याउने रेशमी झकल हो" (देवकोटा, २०५३, पृ. ६२) भन्दछन् । भोलिका लागि सोच्नुपर्ने यावहरूमा "खानु पिउनु, हाँस्नु, मोज उडाउने मानिसकै जुनीको अधिकार हो" (देवकोटा : २०६३, पृ. ६३) ठान्दै र समाजमा आफैं ठुलो, आफैं जान्ने र आफैं विशिष्ट व्यक्ति हुँ भन्ने ठान्नेहरू हाउभाउ र तडकभडक देखाएर अत्तरको हरहराउँदो खुश्बूले सडकमा हिँड्ने अरूहरूको नाक र नजरलाई आक्रमण गर्ने र नक्कली हिँडाइको कला, लच्काइ, हाउभाउ, हाँसो र कृत्रिम बोली निकाल्नेहरूप्रति व्यङ्ग्य गर्दै तिनीहरूबाट भोलिको देशको उन्नति सम्भव नहुने ठानी युवावर्गका ती बानीव्यवहारप्रति आक्रोश एवम् असहमति व्यक्त गर्दै व्यङ्ग्यात्मक रूपले तिनीहरूलाई बोक्रे भलादमीको संज्ञा दिएका छन् ।

**विकृत बोलीचालीप्रति व्यङ्ग्य :** आफूलाई अब्बल दर्जाको भलादमीका रूपमा स्थापित गर्न चाहने बोक्रे भलादमीहरू आफ्नो प्राकृतिक र सहज बोलीलाई बिगारेर कृत्रिम र अस्वाभाविक बनाएका प्रति देवकोटा आक्रोशित बन्छन् र तिनीहरूका विविध प्रकारका विकृत बोलीप्रति व्यङ्ग्य गर्दछन् ।

सर्वसाधारणभन्दा आफूलाई भिन्न बनाउन चाहनेहरू रहरले शुद्ध र प्राकृतिक बोलीलाई बिगारेर नआएको भकभके झिक्नेलाई गुलाबको जस्तो भलादमीको पनि ढङ्गको रङ्ग रहनुपर्दछ भन्दै- "साधारण जनताबाट भेद जनाउनलाई भलादमीको हाड नभएको जिब्रो बोलचालमा वैज्ञानिक तवरले लटपटिन्छ । यस्तो लटपटिनु पनि एउटा शोभा बढाउने अलङ्कार हो" (देवकोटा, २०५३, पृ. ६२) भनी भकभकाएर नक्कली हाँसो निकालेर हाँस्नेहरूप्रति व्यङ्ग्य गरेका छन् । त्यस्तै नआएको नक्कली हाँसो निकालेर हाँस्नेहरूप्रति व्यङ्ग्य गर्दै 'ग्रामोफोनको हाँसो', 'पाश्चात्य हाँसो' र 'कलकत्ताको सडकबाट ल्याएहो हाँसो' (देवकोटा, २०५३, पृ. ६२) भनी सडकमा हल्ला हुने गरी हाँस्ने हाँसोमा शिष्टता नभएको भनी व्यङ्ग्य गरेका छन् । त्यस्तै कोही आफूलाई भलादमी बनाउने नाममा असाधारण नम्रता देखाएर अस्वाभाविकता प्रस्तुत गर्नेप्रति व्यङ्ग्य गर्दै 'विनयको बोझले भोटेनीको कानमा चक्कीले जस्तै शोभा दिन्छ' (देवकोटा, २०५३, पृ. ६२) भनी व्यङ्ग्य गरेका छन् । यसरी नै आफूलाई भलादमीको दर्जामा माथि पार्न अनावश्यक गफ गर्ने, बकबकाउने र कलकत्ता र बम्बइलाई हावाको विषय बनाउने प्रति व्यङ्ग्य गर्दै भन्छन्- "बकबकोपाध्यायको सर्टिफिकेट विश्वविद्यलायले कुनै दिन निकाल्नेछ" (देवकोटा, २०५३, पृ. ६२) अर्कातिर आफूलाई भलादमीमा दर्ता गर्ने उद्देश्यले बुझेर वा नबुझेर अनि जानेर वा

नजानेर त्यसै भलादमी बनी बस्ने बानीप्रति व्यङ्ग्य गर्दै भन्दछन्- 'सुकरातको गम्भीर भाव, रवीन्द्र बाबूको चेहराको उडान, उनकै आकृतिमा बसेको हुन्छ । बहुत कम बोल्छन्, दुनियाँले उनीहरूलाई तौलन सक्दैन' (देवकोटा, २०५३, पृ. ६२-६३) ।

वास्तविक भलादमी दुनियाँको नजरबाट जाँचिन्छ । अरूले व्यवहार हेरी प्रशंसा गरिदिए मात्र ऊ वास्तविक भलादमी हुन सक्छ र उसले आफ्नो प्रशंसा आफैं पनि गर्दैन र अरूले आफ्नो प्रशंसा गरिदेओस् पनि ठान्दैन तर जो बोक्रे भलादमी छ, ऊ आफ्नो प्रशंसा अरूले गरिदेओस् ठान्छ र मौका पारेर आफैंले प्रशंसा गर्न पनि पछाडि पर्दैन । यस्तै भलादमीप्रति लक्ष्य गर्दै देवकोटाले भनेका छन्- "पूजा गर्दा हामी देवतालाई सिँगार्दछौं, भलादमी आफैंलाई सिँगार्दछ, आफैं आसन जमाउँछ" (देवकोटा, २०५३, पृ. ६३) यसरी अर्कालाई आफूतर्फ खिच्ने र असत्यलाई क्षणिक सत्यमा परिणत गर्ने गुण भएका बोक्रे भलादमीको अनावश्यक गफाडी प्रवृत्तिप्रति निबन्धकारले तिखो व्यङ्ग्य गरेका छन् ।

यसरी देवकोटाले 'भलादमी' निबन्धभित्र भलादमी बन्ने होडमा लागेर विकृत बोली बोल्ने, भकभके बोली निकाल्ने, नक्कली हाँसो हाँस्ने, अतिनम्रता प्रस्तुत गर्ने, बढी बोल्ने, कम बोल्ने र आफ्नो प्रशंसा आफैं गर्नेजस्ता अनेक प्रकारका बोलीसँग सम्बन्धित स्वभावप्रति व्यङ्ग्य गरेका छन् ।

**समाजसुधारकप्रति व्यङ्ग्य :** जो आफ्ना व्यक्तिगत स्वार्थलाई त्यागेर समाजको हितमा समर्पित हुन्छ त्यो नै वास्तविक समाजसुधारक हो तर समाजमा देखिने भलादमीहरू वास्तविक भलादमी नभएर ढोगी हुन् भन्दै आफूलाई समाजसुधारक भन्ने र समाजको भलादमी बन्न खोज्ने तर व्यवहारमा त्यसरी प्रस्तुत नहुने नक्कली र स्वघोषित भलादमीका बोली र व्यवहारका बिचमा देखिने विसङ्गतिप्रति व्यङ्ग्य गर्दै देवकोटाले भनेका छन्- "मानिसको हितभन्दा आफ्नो नामको ध्यान राख्ने सुधारक पनि एक किसिमका भलाद्मी हुन्" (देवकोटा, २०५३, पृ. ६४) ।

भनाइ र गराइका बिच, कर्तव्य र कार्यका बिच, कथनी र करनीका बिच देखिने यस प्रकारको अन्तर केवल समाजका उपल्ला र मध्यम वर्गका मान्छेका बोली र व्यवहारमा मात्र नभएर तल्लो वर्गका व्यक्तिमा पनि उत्तिकै बलियो जरा गाडेर फैलिरहेको छ भन्दै निबन्धकारले काम नगरी बोलेर मात्र समय बर्बाद गर्ने र जागिर पकाउने नोकर पनि एक प्रकारका भलादमी हुन् भनी व्यङ्ग्य गर्दै भनेका छन्- "गर्नभन्दा बोल्न जान्ने नोकर पनि एक किसिमको भलादमी हो ।" (देवकोटा, २०५३, पृ. ६४) यसरी समाजका सुधारक र सेवकका व्यवहारमा देखापर्ने विकृतिप्रति व्यङ्ग्य गर्दै तिनीहरूलाई एक एक प्रकारका बोक्रे भलादमीका रूपमा चित्रण गरेका छन् ।

**शैक्षिक व्यङ्ग्य**

शैक्षिक विकास समग्र राष्ट्रको विकासको जग हो । शिक्षाको गुणस्तरीय विकासबाट मात्र व्यक्तिका नैतिक चरित्रमा परिवर्तन आउने र त्यस्ता शिक्षित नागरिकका माध्यमबाट देशको समग्र विकासले गति लिने तथ्य एकातिर हुँदाहुँदै पनि राणाशासन कालमा शिक्षालाई महत्त्वहीन वस्तुका रूपमा लिने र आन्तरिक चरित्रको विकासमा वास्ता नगरी बाह्याडम्बरका माध्यमबाट समाजमा आफ्नो परिचय दिन खोज्ने प्रवृत्ति हावी भएका सन्दर्भमा व्यङ्ग्य निबन्धकार देवकोटाले यी शैक्षिक पक्षसँग सम्बन्धित विकृति र विसङ्गतिप्रति व्यङ्ग्य गर्ने काम यस निबन्धमा गरेका छन् । शिक्षा क्षेत्रसँग सम्बन्धित विकृतिप्रति गरिएको व्यङ्ग्यलाई मूलतः दुई भागमा विभाजन गरी हेर्न सकिन्छ :

**बोक्रे विद्वान्प्रति व्यङ्ग्य :** विद्वान् ज्ञानको बोझले झुक्दछ, ऊ विनयी र मृदुभाषी हुन्छ । व्यवहार सरल र सबैसँग मिलनसार हुन्छ । सादा जीवन उच्च विचारमा विश्वास राख्छ, तर जससँग पढाइका नाममा सर्टिफिकेट बाकसमा थन्क्याएर बाह्य रूपमा आडम्बर देखाउँदै भलादमी बन्न खोज्छन् भन्दै त्यस्ता बोक्रे भलादमीप्रति व्यङ्ग्य गर्दै देवकोटा (२०५३) भन्छन्-

> "विद्याको सर्टिफिकेट कोठाको बाकसमा हुन्छ । भलादमीको प्रमाण-पत्र सधैं उसको शरीरउपर विज्ञापन जाहेरी गर्दछ । पोसाक मात्र पहिला पास हो । त्यसमा पनि रेशमी रुमालको फूलदार फर्काइ र टोपीको कर्काइले पहिलो श्रेणीमा उत्तीर्ण भएको जनाउँछ । कपालको छाँट र जुँगाको कटाइले दोस्रो परीक्षाको परिचय दिन्छ । फेरि आँखीभौंको मसिनो डोरोले ओठ र गालाको फिक्का हलुका लालीलाई सुस्त चढाइने उत्तम श्रेणी जनाउँछ" (पृ. ६२) ।

यसरी ज्ञानलाई कम महत्त्व दिएर आफ्नो सर्टिफिकेटलाई बाकसमा थन्क्याएर आफूलाई फेसनमा रूपान्तरण गरी त्यसैलाई आफ्नो योग्यता ठान्नेप्रति देवकोटाले तिखो व्यङ्ग्य गरेका छन् ।

**शिक्षकप्रति व्यङ्ग्य :** घरमा ट्युसन पढाएर होस् वा कलेजमा पढाएर होस् देवकोटाले आफ्नो जीविकाको प्रमुख माध्यम शिक्षण पेशालाई बनाएका थिए । उनका दृष्टिमा शिक्षक समाजको आदर्श व्यक्ति हो र शिक्षण पेसा मर्यादित पेसा हो । उनका अनुसार शिक्षक आदर्श व्यक्ति हुनुपर्दछ । शिक्षकको व्यवहार र उसले दिने शिक्षाले सिङ्गो समाज र राष्ट्रलाई दिशाबोध गर्नुपर्दछ तर यही संवेदनशील पेसामा लाग्ने व्यक्ति नै कर्तव्यपथमा इमानदारितापूर्वक नलागिदिँदा सिङ्गो समाज र राष्ट्रका भावी कर्णधार नै अन्यौलतिर धकेलिन्छन् । कर्तव्य बिर्सेर र शिक्षणको विधि अपनाउन नजानेर शैक्षिक क्षेत्रमा विकृति ल्याउने व्यक्तिप्रति व्यङ्ग्य गर्दै निबन्धकारले 'बुझाउनुभन्दा हात लगाउन जान्ने शिक्षक' (देवकोटा, २०५३, पृ. ६४) लाई समाजका एक प्रकारका बोक्रे भलादमीका कोटिमा राखेका छन् ।

**भाषिक र साहित्यिक व्यङ्ग्य**

प्राचीन आर्य संस्कृतिलाई बोक्ने गौरवशाली संस्कृत भाषा र राष्ट्रभाषा नेपालीमाथि अङ्ग्रेजी भाषाले थोपर्दै आएको साम्राज्य, युवा समुदायको अंग्रेजी भाषाप्रतिको मोह, गौरवशाली शब्दमा देखापर्दै गएको अर्थगत अपकर्षता एवम् साहित्यको मूल्यमा देखापर्दै आएको ह्रासको सिङ्गो भाषिक साहित्यिक क्षेत्र विकृतिपूर्ण बन्दै गएको तथ्यप्रति चिन्तित हुँदै निबन्धकार देवकोटाले तिनप्रति व्यङ्ग्य गरेका छन् । यस क्षेत्रका व्यङ्ग्यलाई मूलतः दुई वर्गमा विभाजन गरी हेर्न सकिन्छ :

**भाषिक व्यङ्ग्य :** संस्कृत भाषाको स्थान क्रमशः अङ्ग्रेजी भाषाले ओगट्दै गएर भाषामा शब्दको समस्या जन्मन पुगेको छ । प्राचीनताको महत्त्व कम हुँदै गएको छ । 'गुरु' र 'पण्डित' जस्ता गौरवशाली शब्दको अर्थमा फिक्कापन चढेर गएको छ र 'भलादमी' को अर्थ भद्र मानिस नभएर यसको सम्बन्ध तडकभडक र पोसाकसँग जोडिन गएको छ भन्दै निबन्धकार देवकोटा (२०५३) भन्छन् :

व्यासजीको सिंह आजकलको भारतवर्षमा गर्जन गर्दैन । बाघको हुकुम चलिरहेछ । ... ज्यादा पुरानो टकमा खिया लाग्छ । पण्डित र गुरु भने लवजमा केही फिक्कापन चढ्न लागेको छ । त्यस्तै भलादमी भन्ने शब्दमा पनि अर्थको यति अपभ्रंश भएको छ कि भलादमीपनले भडक र पोसाकसँग नाता जोडिसक्यो (६१) ।

**साहित्यिक व्यङ्ग्य :** भाव वा कल्पनालाई साहित्य मान्ने देवकोटा कनिकुथी शब्दको मोहमा पर्ने र अलङ्कारको जालमा फस्ने शास्त्रीयतावादीहरू सबै साहित्यिक भलादमी हुन् भन्दै उनीहरूप्रति व्यङ्ग्य

गर्दै भन्छन्- "जब तिमी शब्द र अलङ्कारपछि दगुर्दछौं, तब तिमी साहित्यिक भलादमी बन्छौ" (देवकोटा, २०५३, पृ. ६४) । त्यस्तै उनले विषयको गम्भीरता, साहित्यिक कालजयीता र विश्वप्रभावलाई वास्ता नगर्नेलाई बोक्रे कवि र बोक्रे लेखकको संज्ञा दिँदै स्वविज्ञापनमा लाग्ने यस्ता कवि र लेखकहरू आधुनिक भलादमी हुन् भनी व्यङ्ग्य गरेका छन् । यस सम्बन्धमा कृष्णचन्द्र घिमिरे (वि. सं. २०३८) भन्छन् :"भलादमीमा साहित्यिक क्षेत्रमा शब्दशैय्या र रूपलाई जोड दिने आलङ्कारिक, क्लासिकल र नवक्लासिकल साहित्यप्रति कटु व्यङ्ग्य गर्दै त्यस्ता साहित्यकारलाई साहित्य क्षेत्रका गुण्डा र भलादमी ठहऱ्याइएको छ" (पृ. ३३) । निबन्धमा नाम र पैसाको दौडमा लाग्ने र तुरुन्तै नाम पनि र पैसा पनि कमाउनुपर्छ भन्ने ठान्ने बोक्रे लेखकहरूलाई प्रशंसाप्रेमले सताएको हुन्छ भन्दै साहित्यको भित्री तहलाई हेर्न नसकी बाह्य आवरणमा रम्नेहरू 'साहित्य देशका गल्लीका बोक्रे भलादमी' (देवकोटा, २०५३, पृ. ६४) हुन् भनी व्यङ्ग्य गरिएको छ ।

साहित्यका सर्जकप्रति मात्र होइन, व्यङ्ग्यकार देवकोटाले आफ्नो यस निबन्धमा पाठकप्रति पनि व्यङ्ग्य गरेका छन् । रामलाल अधिकारी (सन् १९७५) ले "भलादमी व्यङ्ग्यात्मक निबन्धले साहित्यका बोक्रे पाठक र समालोचकहरूलाई मुछेर झटारो हिर्काएको छ र सायद यो आफ्नै रचनाहरूका कटु समालोचनाले उहाँमा जन्माएको कटु प्रतिक्रिया पनि हुन सक्छ" (पृ., ४१) भन्ने विचार व्यक्त गर्छन् ।

साहित्यको मूल मर्म भाव हो तर साहित्यको भावको तहमा पस्न नसक्ने र बाह्य शब्दको आडम्बरलाई मात्र खोज्ने र शब्दाडम्बर फेला नपर्दा त्यसलाई साहित्य नै होइन भनी आलोचना गर्ने पाठकप्रति व्यङ्ग्य गर्दै र त्यस्ता सतही पाठकहरूलाई भलादमीको संज्ञा दिँदै भनेका छन्- 'भावभन्दा शब्द याद गर्ने पाठक' (देवकोटा, २०५३, पृ. ६४) पनि एक प्रकारका भलादमी हुन् । त्यस्तै आफू लेख्न नसक्ने, नजान्ने वा नचाहने तर अर्काका लेखमाथि धारिलो हतियार प्रयोग गर्ने अल्छी पाठक एवम् समालोचकप्रति व्यङ्ग्य गर्दै भनेका छन्- 'अर्काको लेखमा हँस्सी उडाएर कलम सुताउने पाठक' (देवकोटा, २०५३, पृ. ६४) पनि एक प्रकारका भलादमी नै हुन् । यसरी व्यङ्ग्यकार देवकोटाले नेपाली भाषाप्रतिको विदेशी हस्तक्षेप, नेपाली भाषाप्रति नेपालीकै वितृष्णा, साहित्यमा भावको उपेक्षा र शब्दाडम्बरप्रतिको मोह एवम् आलोचना गरी अर्काका रचनालाई तल झार्ने प्रवृत्तिप्रति तिखो व्यङ्ग्य प्रहार गरेका छन् ।

**धार्मिक व्यङ्ग्य**

धर्म समाज र व्यक्तिको नियम हो । यो मूलतः आत्मिक, अलिखित र अदृश्य हुन्छ । आज व्यक्ति र समाजमा धार्मिक मूल्य र मान्यता दिनप्रतिदिन गिर्दै गइरहेका छन् । एकथरीले धर्मलाई पूर्णतः अस्वीकार गर्दै आफूलाई भौतिकवादीका रूपमा प्रस्तुत गरेका छन् भने अर्काथरी योगी र महात्माहरू गुणसापेक्ष परिवर्तन हुन नसकी अध्यात्मवादको चर्को नाराबाजी गरिरहेका छन् । अतिवादका रूपमा देखिने यी योगी, सन्त र महात्माहरू आफूलाई धर्मको ठेकेदार र ईश्वरको अनन्य भक्त भनी अनेक प्रकारका आडम्बरका स्वाँङ रच्दै धर्मका नाममा सोझासाझा जनतालाई दिन प्रतिदिन ठगी गरिरहेका छन् । समसामयिक युगजीवनका यी अतिवादप्रति विरोध जनाउँदै देवकोटाले व्यङ्ग्य गरेका छन् ।

**योगीहरूप्रति व्यङ्ग्य :** योगीहरू समाजमा आफूलाई कट्टरपन्थीका रूपमा उभ्याउँदै अदृश्य दुनियाँसँग सम्बन्ध राख्न चाहन्छन् । वर्तमान यथार्थसँग विश्वास राखेर बाँच्न नसक्ने यस्ता व्यक्तिहरू बाह्य

आनन्द, श्रम र दृश्य जनगत्लाई अयथार्थ ठानी स्वाँग रच्दछन् भन्दै योगीको- "जगत् आँखाको पहुँचदार हुन्छ । ... मनको आँखाको सीमा देखाउँछ । ... दुनियाँ रङ्मगाइरहेछ" (देवकोटा, २०५३, पृ. ६३) भन्छन् ।

**पुजारीहरूप्रति व्यङ्ग्य :** समाजको अर्को वर्ग पुजारी हो जो आफूलाई ईश्वरको सच्चा भक्त ठान्छ र अरूलाई समेत ईश्वरप्रति अनुग्रही हुनुपर्छ, आत्मा सफा भए मात्र ईश्वरको दर्शन मिल्दछ भन्छ, उसैमा त्यस प्रकारको चित्तशुद्धि नपाउँदा निबन्धकार त्यस प्रकारको विकृतिप्रति प्रहार गर्दै भन्दछन्- 'चित्तशुद्धिभन्दा शरीरशुद्धिमा विचार राख्ने पुजारी' (देवकोटा, २०५३, पृ. ६४) पनि आधुनिक समाजका एक प्रकारका भलादमी हुन् ।

**व्यङ्ग्यशिल्प**

'भलादमी' चार पृष्ठभित्र विभिन्न नौ अनुच्छेदमा फैलिएको सामान्य आकार र संरचनामा आबद्ध निबन्ध हो । आत्मपरक शैलीमा रचना गरिएको यस निबन्धमा समाजका सामाजिक शैक्षिक, भाषिक⁄ साहित्यिक एवम् धार्मिक क्षेत्रमा देखा परेका परिवर्तनसँगै बढ्दै गएका भलादमी र तिनका स्वरूप तथा स्वभावलाई चित्रण गरिएको छ । निबन्धकारले परम्परागत मूल्य, मान्यता र व्यवहारभन्दा आफूलाई अलग र भिन्न बनाउन खोज्नेहरूलाई भलादमीको संज्ञा दिएका छन् । समाजका को को र के-कस्ता व्यक्तिहरू भलादमी हुन् र तिनीहरूका स्वभाव र पहिरन कस्ता छन् भन्ने कुराको सङ्केत गर्दै तिनीहरूलाई एक एक क्षेत्रका भलादमीका कोटिमा राखिएको छ । अभिधा अर्थमा समाजमा आफूलाई भद्र ठान्नेहरू र अरूभन्दा भिन्न रूपमा प्रस्तुत गर्नेहरूलाई भलादमी भनिएको भए तापनि लोकका दृष्टिमा र निबन्धकार स्वयंका दृष्टिमा तिनीहरू भलादमी नभएर बोक्रे भलादमी मात्र हुन् भन्ने व्यञ्जना अर्थ व्यक्त भएको छ । त्यसैले यस निबन्धमा चित्रित सम्पूर्ण भलादमी र तिनीहरूका स्वभाव, आनिबानी, पहिरन एवम् चालचलनप्रति वक्रोक्ति शैलीमा व्यङ्ग्य गरिएको छ ।

व्यङ्ग्य निबन्धकार देवकोटाले 'भलादमी' वैपरित्यमूलक भावमा जसलाई 'भलादमी हुन्' भनेका छन् तिनीहरू 'भलादमी होइनन्' भन्ने ध्वन्यार्थ व्यक्त गरेका छन् । यसरी यस निबन्धमा 'भलादमी हुन्' भनी 'भलादमी होइनन्' भन्ने भाव व्यक्त भएकलो व्यतिक्रमिक शिल्प-प्रविधिलाई अपनाइएको देखिन्छ । घुमाउरो किसिमले भलादमीलाई बोक्रे भलादमीका कोटिमा चित्रण गरिएकाले यहाँ व्यङ्ग्य ( आइरनी) को प्रविधिलाई अवलम्बन गरिएको छ । अभिधा अर्थमा भलादमी भनिएकाहरूलाई नितान्त विपरीत अर्थमा 'भलादमी होइनन्' भन्ने अर्थ व्यक्त गरिएकाले वक्रोक्ति शिल्पको प्रयोग राम्रोसँग भएको छ ।

व्यङ्ग्य निबन्धकार देवकोटाले भावलाई व्यङ्ग्यका तहसम्म प्रभावकारी रूपमा पुऱ्याउने उद्देश्यले विभिन्न प्रकारका उपकरणहरूको प्रयोग गरेका छन् । शब्दमूलक उपकराणअन्तर्गत विशिष्ट प्रयोग गरी भावलाई प्रभावकारी बनाएका छन् । जस्तै :

क) भाषाको देशमा **लवज**को दशा हुन्छ । (६१) ।

ख) कलकत्ता र बम्बई उनीहरूका **हावाखोरी** थिए (६३) ।

ग) महात्मा अध्यात्मवादको **वाङ्मुख** हो (६३) ।

घ) रङ र रेशमका भलादमी काठमाडौंको गल्लीमा **खुश्बू** उडाइरहेछन् (६१) ।

ङ) कोही भलादमीले **ग्रामोफोनको** हाँसो उतारेका हुन्छन् (६१) ।

च) उनका गफालाई तिमी **सफेद सत्य** भनी ठान्दछौं (६३) ।

छ) विचार सत्य हो, शब्द शरीर हो, अलङ्कारादि **वस्त्रभूषा** हुन् (६४) ।

माथिका वाक्य 'क', 'ख', 'ग' मा प्रयोग भएका 'लवज', 'हावाखोरी', 'वाङ्मुख' जस्ता देशज शब्दको प्रयोगले व्यङ्ग्यलाई प्रभावकारी र तीव्र बनाएको छ। वाक्य 'घ', 'ङ', 'च' मा 'खुश्बू', 'ग्रामोफोन' र 'सफेद' जस्ता क्रमशः फारसी, अङ्ग्रेजी र अरबी भाषाका आगन्तुक शब्दको प्रयोगले भावलाई प्रभावकारी बनाउने काम गरेको छ भने वाक्य 'छ' मा 'वस्त्रभूषा' जस्तो नयाँ शब्दनिर्माणको प्रविधि अवलम्बन गर्ने प्रवृत्ति पनि देखापरेको छ। नयाँ शब्दनिर्माणको यस प्रयोगले व्यङ्ग्य भनाइलाई प्रभावकारी तुल्याएको छ।

व्यङ्ग्य निबन्धकार देवकोटाले यस निबन्धमा कतै समशब्दीय समान्तरता र कतै अनुप्रासीय शब्दको प्रयोग गरी भनाइलाई प्रभावकारी बनाउने प्रयास गरेका छन्। जस्तै :

क) सडकमा टल्कने जुत्ताको **चुरुम-चुरुम** आवाजमा फुर्तिलो कदम बढाउँछ (६१)

ख) समाजमा तिम्रो भलादमीपनलाई **हजार** ले **गजुर** जगाउँछ (६१-६२) ।

माथिका उदाहरणमा 'चुरुम-चुरुम' जस्ता समान शब्दको आवृत्ति तथा 'हजूर' र 'गजूर' शब्दको अनुप्रासीयताले व्यङ्ग्य भावलाई तीव्र बनाइएको छ। यिनका अतिरिक्त निबन्धकारले 'बिचरो दुनियाँ' (६२), रेशमी रूपमाको फूलदार फर्काइ र टोपीको कर्काइ' (६२), 'ढङ्गको रङ्ग' (६२), 'सफेद सत्य' ( ६३) 'साहित्यदेशमा' (६४) 'एक-से-एक' (६४) जस्ता पदावलीको प्रयोग गरी व्यङ्ग्य अभिव्यक्तिलाई प्रभावकारी तुल्याएका छन्।

उपमा अलङ्कारको प्रयोगले व्यङ्ग्यलाई तीक्ष्ण र प्रभावकारी बनाउने प्रवृत्ति पनि यस निबन्धमा देख्न सकिन्छ। जस्तै : 'विनयको बोझले भोटेनीको कानमा चक्कीले जस्तै यिनीहरूलाई ( भलादमीलाई) शोभा दिन्छ' (६२)। यस वाक्यमा उपमान 'भोटेनीको कानमा चक्की' उपमेय 'विनय', साधारण धर्म 'शोभा दिने' र वाचक शब्द 'जस्तै' को प्रयोग भएको छ। उपमाको यस प्रयोगले भलादमीको विनयशीलता एउटा ढोंगी प्रदर्शन मात्र हो भन्ने व्यङ्ग्य भावलाई प्रष्ट पारेको छ।

समग्रमा भन्दा देवकोटाले निबन्धमा प्रयोग गरेको उल्लिखित विविध शिल्पगत प्रविधिका माध्यमबाट समाजमा देखिएका बाह्य आडम्बर, आत्मप्रशंसा, ढोंगी आदि प्रवृत्तिप्रति धारिलो प्रहार गरेका छन्। सरल भाषा एवम् विशिष्ट शिल्पको प्रयोग भएकाले व्यङ्ग्यभावलाई तीक्ष्ण बनाउन शिल्पले समेत ठुलो सहयोग पुऱ्याएको देखिन्छ। त्यसैले उनी व्यङ्ग्यशिल्पका दृष्टिले सफल देखिन्छन्।

## निष्कर्ष

'भलादमी' निबन्धमा पाइने व्यङ्ग्यचेतनाको विश्लेषणबाट यो निबन्ध भावगत तथा शिल्पगत दुवै दृष्टिले व्यङ्ग्य निबन्धका कोटिमा देखिन्छ। देवकोटाले बाँचेको तात्कालीन राणाकालीन जीवन, सामाजिक, आर्थिक, धार्मिक, भाषिक एवम् साहित्यिक जीवनलाई विषयवस्तु बनाएर ती-ती क्षेत्रमा देखापरेका विकृति र विसङ्गतिप्रति दृष्टि दिँदै तिनप्रति तिखो व्यङ्ग्यप्रहार गरेका छन्। यस निबन्धमा मूलतः तत्कालीन समाजका सामाजिक पक्षको प्रतिनिधित्व गर्दै युवावर्गहरूलाई आलम्बन बनाएर तिनलाई समाजका विकृति र विसङ्गतिको बाहकका रूपमा प्रस्तुत गरिएको छ। आफूलाई आधुनिक, सभ्य र स्वघोषित भलादमी भन्न रुचाउनेहरूका आनीबानी, चालचलन, बोलीचाली, भेषभूषा आदिको सूक्ष्म अवलोकन गरिएको यस निबन्धमा अभिधा अर्थमा तिनीहरू युग र समाजका भलादमी हुन् भन्ने

अर्थ व्यक्त भए पनि तिनका अस्वाभाविक क्रियाकलापले गर्दा समाजका अतिविादी तत्त्व हुन् भन्ने व्यञ्जना भाव व्यक्त भएकाले अर्थगत रूपमा ती भलादमी नभएर समाजका खोक्रे वा बोक्रे भलादमी हुन् भन्ने व्यङ्ग्य भाव व्यक्त भएको छ । निबन्धमा सामाजिक क्षेत्रका अतिरिक्त शैक्षिक, भाषिक / साहित्यिक एवम् धार्मिक व्यङ्ग्यकारका रूपमा देखा परेका छन् । सामाजिक विकृति र विसङ्गतिप्रतिको तीव्र अनुभूति निबन्धमा प्रभावकारी रूपमा प्रस्तुत भएको छ ।

शिल्पगत प्रविधिका दृष्टिले हेर्दा देवकोटाले 'भलादमी' निबन्धमा वक्रोक्ति (आइरनी) को प्रयोग गरेका छन् । वैपरीत्यमूलक व्यङ्ग्यप्रविधिलाई अवलम्बन गरी ध्वन्यार्थमा 'हुन्' लाई 'होइनन्' भन्ने अर्थ व्यक्त गरिएको यस निबन्धमा ध्वनि व्यङ्ग्यको प्रस्तुति सफल र प्रभावकारी रूपमा भएको छ । यस प्रकारको व्यङ्ग्यलाई धारिलो र चोटिलो बनाउनका लागि भाषिक प्रयोगमा समेत विशिष्टता पाइन्छ । विभिन्न देशज, आगन्तुक र नवशब्द निर्माणको प्रविधि, अर्थमूलक उपकरणअन्तर्गत अभिधामूलक व्यञ्जना र लक्षणामूलक व्यञ्जनाको प्रयोग र उपमा अलङ्कारको प्रयोगले व्यङ्ग्यलाई अझ प्रभावकारी बनाउन मद्दत पुऱ्याएको छ ।

समग्रमा 'भलादमी' निबन्धमा सामाजिक क्षेत्रमा पहिरन, बानीव्यवहार, बोलीचाली, सामाजिक सुधारका बहानामा देखिएका विकृति र विसङ्गति, शैक्षिक क्षेत्रका विकृति, बौद्धिक व्यक्तिका व्यवहारमा देखिने विकृति, शिक्षकका रुवहारमा देखिने विकृति, भाषिक साहित्यिक क्षेत्रमा देखिने विकृति र धार्मिक सांस्कृतिक क्षेत्रका विकृति र विसङ्गतिलाई विषयवस्तु बनाएर तिनप्रति तीक्ष्ण रूपमा व्यङ्ग्यप्रहार गरिएकाले यो सफल व्यङ्ग्य निबन्ध हो । सामाजिक भावलाई वैयक्तिकतामा समेट्दै वैयक्तिकताका माध्यमबाट सामाजप्रति लक्ष्य गर्दै विभिन्न क्षेत्रमा देखा परेका विकृति र विसङ्गतिप्रति तिखो प्रहार गरी व्यङ्ग्यका माध्यमबाट सुधारको भावसमेत व्यक्त गरिएको यस निबन्धमा निबन्धकारले सफल किसिमको व्यङ्ग्यशिल्पको प्रयोग गरेका छन् । त्यसैले यस निबन्धका माध्यमबाट व्यङ्ग्यचेतनाको अभिव्यक्ति एवम् व्यङ्ग्यशिल्पको प्रयोगका दृष्टिले देवकोटा सफल व्यङ्ग्य निबन्धकार सावित भएका छन् ।

## सन्दर्भ सामग्री सूची


अधिकारी, रामलाल, (सन् १९७५), *नेपाली निबन्धयात्रा,* नेपाली साहित्य सञ्चयिका ।

गर्ग, शेरजङ्ग, (सन् १९७३), *स्वतन्त्रोत्तर हिन्दी कवितामें व्यङ्ग्य,* भारत प्रिन्टर्स ।

घिमिरे, कृष्णचन्द्र, (२०३८), *निबन्धकार देवकोटाको निबन्धकारिताको विश्लेषण र मूल्याङ्कन,* [अप्रकाशित स्नातकोत्तर शोधपत्र], त्रिवि, नेपाली विभाग ।

त्रिपाठी, वासुदेव, (२०५१), 'हास्य-व्यङ्ग्यको सैद्धान्तिक सन्दर्भतर्फ', *प्रज्ञा,* २३, (८०) ।

देवकोटा, लक्ष्मीप्रसाद, (२०५७), *लक्ष्मी निबन्धसङ्ग्रह* (सोह्रौं संस्क.), साझा प्रकाशन ।

पोलार्ड, आर्थर, (सन् १९७०), *सटायर,* लण्डन र न्युयोर्क, मेथ्युन ।

बन्धु, चूडामणि (२०४६), *देवकोटा* (दोस्रो संस्क.), साझा प्रकाशन ।

बराल, ईश्वर र अन्य (सम्पा.), (२०५५), *नेपाली साहित्यकोश,* नेपाल राजकीय प्रज्ञान प्रतिष्ठान ।

सदरलैण्ड, जेम्स, (सन् १९७६), *इङ्लिस सटायर,* एट.टी. युनिभर्सिटी प्रेस ।

ह्विगेट, गिल्बर्ट, (सन् १९६२), *द एनाटमी अफ सटायर,* प्रिन्सटन युनिभर्सिटी प्रेस ।

शर्मा, मोहनराज (२०३५), हास्यव्यङ्ग्य परिचर्चा, *रचना,* १५(४) ।